दुल्लू नगरपालिका

# स्थानीय राजपत्र


| खण्ड : ६ | संख्या : ५ | २०७९ साल असार ३१ |
|---|---|---|


## भाग : २

दुल्लू नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बहुसरोकारवाला मञ्च सञ्चालन सम्वन्धी कार्यविधि, २०७९

**१. पृष्ठभूमिः**

नेपालको शासन प्रणाली संघीय संरचनामा गईसके पश्चात अहिले ३ तहका (संघ, प्रदेश र स्थानीय) सरकार सञ्चालनमा रहेका छन् । नयाँ संचनामा सबै ऐन, कानून, नीति, नियम, निर्देशिकाकाहरु नयाँ बनेका छन् भने कतिपय बन्दै पनि छन् । स्थानीय सरकारलाई पनि संघ र प्रदेश कानूनसंग नबाझिने गरी आफ्नो कानून आफै निर्माण गर्ने अधिकार रहेको छ । अधिकांश स्थानीय सरकारहरुले आफुलाई आवश्यक पर्ने ऐन, कानून, नीति, नियम र निर्देशिकाहरु निर्माण गरी सकेका छन भने केही स्थानीय सरकारहरुले आफुलाई आवश्यक पर्ने सबै ऐन, कानून, नीति, नियम र निर्देशिकाहरु निर्माण गरिसकेका छैनन् ।

स्थानीय सरकारलाई आफ्नो नीति, कार्यक्रम तथा बजेट आफैले निर्माण गर्नसक्ने अधिकार रहेको छ । यसै अधिकारलाई प्रयोग गरी स्थानीय सरकारहरुले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मुल्यांकन आफै गर्ने गरिरहेका छन् । अहिले सात चरणको योजना तर्जुमा प्रक्रिया स्थानीय सरकारले अवलम्बन गरिरहेका छन् । स्थानीय तहमा विभिन्न कार्यक्रम सञ्चालन गरी स्थानीय सरकारलाई सहयोग गर्ने र गर्न चाहने राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी र सामाजिक संघ संस्थाहरुले पनि आफ्ना कार्यक्रम तथा बजेटलाई स्थानीय सरकारको सात चरणको योजना तर्जुमा प्रक्रिया मार्फत स्थानीय सरकारको नीति, कार्यक्रम तथा बजेटमा समावेश गराउनु पर्ने हुन्छ । स्थानीय सरकारले सात चरणको योजना तर्जुमा प्रक्रियालाई राम्रोसंग अभ्यास गर्न सकिरहेका छैनन् भने सहयोगी संघ संस्थाहरु पनि यसमा अभ्यस्त भैसकेका छैनन् । जसले गर्दा स्थानीय तहको कुन वडामा कुन संस्थाले के काम गरिरहेको छ

भन्ने यथेष्ट जानकारी स्थानीय सरकारलाई नहुन पनि सक्छ । यसले गर्दा एउटै प्रकृतिका कार्यक्रम सञ्चालन गर्ने संस्थाहरु एउटै वडामा हुने र अन्य कुनै वडामा कोही पनि नहुने सम्भावना प्रवल रहेको छ ।

यस दुल्लू नगरपालिकामा काम गर्ने गैरसरकारी संस्थाहरुसँग एकद्वार प्रणाली मार्फत आपसी सहयोग र साझेदारीलाई समेत परिचालन र प्रभावकारी बनाउन नेपालको संविधान २०७२ भाग ४ धारा ५१(ञ) (१४) र धारा ७२(२) ता नेपाल सरकार मन्त्रीपरिषदवाट स्वीकृत संघ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकार सूचीहरुको विस्तृतीकरणमा गरिएको व्यवस्था र स्थानीय सरकार संचालन ऐन २०७४ दफा २५ र १०२ ले दिएको अधिकार मा रही यस नगरपालिकामा  कार्यरत गैर सरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गर्नको लागी बहुसरोकारवाला मञ्च गठन गरि एक आपसमा अन्तरक्रिया गर्ने लक्ष्य लिइएको छ ।

## २. अवधारणा

माथि उल्लेख भए स्थानीय सरकार संचालन ऐन २०७४ दफा २५ र १०२ ले दिएको अधिकार बमोजिम नगरपालिकामा  कार्यरत गैर सरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गर्नको लागी बहुसरोकारवाला मञ्च गठन गर्ने लक्ष्य अनुसार ।
यस परियोजनाका क्रियाकलापहरु अगाडी बढाउने क्रममा नगरपालिकासंग गरिएको अन्तर्क्रिया, छलफल तथा विभिन्न पटक भएको भेटघाटमा स्थानीय तहमा काम गर्ने सरकारी तथा गैरसरकारीका साथै विभिन्न सामाजिक संस्थाहरु बीच समन्वय र सहकार्य नहुदा कतै कार्यक्रमहरुमा दोहरोपन आउने त कतै कुनै पनि कार्यक्रम नहुने अवस्था रहको अवस्था बुझिन आएको छ । यस अवस्थालाई मध्यनजर गरी उत्थान परियोजना सञ्चालित स्थानीय तहमा बहुसरोकारवाला मञ्च गठन गर्न लागिएको छ ।

## ३. बहुसरोकारवाला मञ्चको संक्षिप्त परिचय

स्थानीय सरकार, नागरिक समाज, सामाजिक संघ संस्था, विभिन्न सञ्जाल र अन्य सरोकारवालाहरु एउटै मञ्चमा बसेर नियमित रुपमा आ आफुले गरेका कार्यहरुको प्रगति तथा सिकाई अनुभव आदान प्रदान गर्ने र अहिले सम्म गरिएका कार्यक्रम तथा क्रियाकलापहरुबाट हामीहरुले लक्षित वर्ग भनि काम गरेका वर्गमा के कस्तो सकरात्मक परिवर्तन आयो भनि छलफल गर्ने थलो नै बहुसरोकारवा मञ्च (Multi-stakeholder Plate form) हो । महिला, दलित, जनजाति, विपन्न तथा सिमान्तकृत समुदायका लागि के कस्तो नीति, योजना तथा कार्यक्रमको आवश्यकता छ र यसका लागि के कसरी सहकार्य गरि काम गर्न सकिन्छ भन्ने  विषयहरुमा छलफल, वहस, अन्तरकृया, गरी समन्वय तथा सहकार्य गरेर उपयुक्त

प्रतिफल ल्याउन सघाउने काम बहुसरोकारवाल मञ्च (Multi-stakeholder Plate form) ले गर्न सक्छ ।

**४. बहुसरोकारवाला मञ्चको औचित्य**

यो बहुसरोकारवाला मञ्चले नागरिक समाजका प्रतिनिधि (समुह संजाल, संघ संस्था), स्थानीय सरकारका प्रमुख तथा प्रतिनिधि, अन्य सरोकारवालाहरुका प्रमुख तथा प्रतिनिधिहरु वीचको सम्बन्धलाई सुदृढ बनाउदै स्थानिय सरकारको सेवाप्रवाहलाई अझ बढी प्रभावकारी बनाई स्थानिय स्तरको सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउन यो बहुसरोकारवाला मञ्चको आवश्यकता देखिन्छ । यसका साथै स्थानिय सरकारको नीति, सेवा प्रवाहमा सहजता, विपन्न, सिमान्तकृत तथा गरिव लक्षित नीति, निर्देशिका तथा कानुनहरु निर्माणका लागि सरोकारवालहरु वीच समन्वय तथा सहकार्य बढाउन पनि मद्धत गर्दछ ।

यस मञ्चले सरोकारवालाहरु वीच एकअर्काको अनुभव तथा सिकाई आदान प्रदान तथा छलफलको लागि फोरम निर्माण गर्नेछ भने प्रदेश सरकार, स्थानिय सरकार र नागरिक समाज वीच समन्वयात्मक छलफलबाट आवश्यकतामा आधारित विकास नीति, योजना तथा कार्यक्रम निमार्णको लागि पनि स्थानिय सरकार तथा प्रदेश सरकारका बीचको अन्तरकृया तथा सहकार्यमा समेत पहल तथा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

संघसंस्थाहरुले संचालन गर्ने कार्यक्रमहरुमा हुनसक्ने दोहोरोपना हटाउन सरोकारवालहरु वीच निरन्तर अन्तरकृया, समन्वय तथा सहकार्य गर्न अवसर पनि प्रदान गर्ने भएकोले परिवर्तन परियोजना संचालन भएका प्रत्येक पालिका स्तर बहुसरोकारवाला मञ्चलाई संस्थागत गरि परिचालन गर्न आवश्यक देखिएको छ ।

**५. बहुसरोकारवाला मञ्च गठनको उद्धेश्यहरु**

बहुसरोकारवाला मञ्च गठनको उद्धेश्य देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय सरकारको शासन प्रक्रियामा नागरिकहरुको अर्थपूर्ण सहभागिता बृद्धि र सुशासन प्रवर्द्धनका लागि सरोकारवालहरु वीच समन्वय तथा सहकार्य गर्ने ।

(ख) स्थानीय तह सरकार, नागरिक समाज, र अन्य सरोकारवालहरु वीच समन्वय र सम्बन्धलाई सृदृढ गरि गरिव तथा सिमान्तकृत समुदाय लक्षित नीति कार्यक्रम तथा योजना निर्माणका लागि सरोकारवालहरु वीच समन्वय तथा सहकार्य गर्ने ।

(ग) सरोकारवालहरु वीच सिकाई अनुभव आदान प्रदान गर्दै राम्रा अभ्यासहरुलाई अआफ्नो कार्यक्रम तथा योजनाहरुमा समावेश गर्दैजाने ।

**६. मञ्चको गठन**

नगरपालिकाकाको उपप्रमुखको अध्यक्षतामा पालिका स्तरीय बहुसरोकारवाला मञ्च गठन हुनेछ भने यस मञ्चमा सम्बन्धित पालिका अन्तरगतका वडाका वडा अध्यक्ष, पालिका स्तरका विषयगत निकायका प्रमुख, सामाजिक संघसस्थाका प्रतिनिधिहरु, नागरिक समाज संस्थाको संजाल प्रतिनिधि (दलित संजाल, महिला संजाल), गैसस महासंघका प्रतिनिधि, पत्रकार महासंघका प्रतिनिधि सदस्य रहनेछन् । बहुसरोकारवाला मञ्च गठन देहाय बमोजिम हुनेछ ।

**नगर प्रमुख : संरक्षक**

| | |
|---|---|
| क) नगरपालिका उपप्रमुख : | संयोजक |
| ख) वडा अध्यक्षहरु मध्येबाट नगर प्रमुखले तोकेका २ जना | सदस्य |
| ग) विषयगत समिति प्रमुख | सदस्य |
| घ) गैसस महासंघका प्रमुख वा प्रतिनिधि | सदस्य |
| ङ) पालिका स्तरमा काम गरिरहेका राष्ट्रिय आयोजना/ परियोजना /कार्यक्रम/ राष्ट्रिय/अन्तराष्ट्रिय/जिल्ला स्तरीय संघसंस्थाका प्रतिनिधिहरु | सदस्य |
| च) पत्रकार महासंघका प्रमुख/प्रतिनिधि | सदस्य |
| छ) नगरपालिकाका दलित जन प्रतिनिधिहरु मध्ये नगर प्रमुखले तोकेका २ जना | सदस्य |
| ज) नगरपालिका स्तरीय महिला संजाल प्रतिनिधि | सदस्य |
| झ) नगरपालिका स्तरिय यूवा संजाल प्रतिनिधि | सदस्य |
| ञ) पालिका स्तरीय जेष्ठ नागरिक समाज | सदस्य |
| ट) उधोग बाणिज्य संघ का अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| ठ) एकल महिला प्रतिनिधि | सदस्य |
| ड) महिला स्वयंम सेविका प्रतिनिधि | सदस्य |
| ढ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ण) नगरपालिकाले तोकेको गैसस फोकल पर्शन | सदस्य सचिव |

यो मञ्च गठन गर्दा हरेक पालिकामा रहेका विभिन्न सरोकारवालाहरुको संख्या फरक फरक हुन सक्ने भएकोले पालिकाहरुमा बहुसरोकारवाला मञ्चको सदस्य संख्या पनि फरक फरक हुन सक्छ ।

**७. बहुसरोकारवाला मञ्चको बैठकः**

यस मञ्चको बैठक सामन्यतया द्दीमासिक रुपमा हुनेगरि वर्षमा कम्तिमा ३ पटक संचालन हुनेछ । बैठकको आयोजना भने सम्वन्धित पालिकाले गर्नेछ । पालिका मंञ्च गठन लगायत मञ्चको नियमित बैठकको सम्पुर्ण बैठक खर्चहरु बिकास साझेदार परियोजनाले नै व्यहोर्नेछ । यस मञ्चलाई संस्थागत गर्न सम्वन्धित पालिकाले बहुसरोकारवाला मञ्च बैठक सम्वन्धि छुटै कार्यविधि बनाएर यस मञ्चलाई संस्थागत गर्न सक्नेछ ।

**८. बहुसरोकारवाला मञ्चको मुख्य कार्यक्षेत्रहरु**

(क) स्थानीय तह सरकारको नीति योजना तथा कार्यक्रम तर्जुमा र योजना अनुगमनमा नागरिक सहभागिता बृद्धि गर्न सरोकारवालहरु वीच अन्तरकृया, समन्वय तथा सहकार्य बढाउने ।

(ख) सरोकारवालाहरुसंगको समन्वय र सहकार्य मार्फत कार्यक्रमहरुमा देखिने दोहोरोपनामा कमिल्याई एकद्धार प्रणाली कार्यान्वयन गर्ने ।

(ग) लक्षित वर्गको आवश्यकतामा आधारित योजना तथा कार्यक्रम बनाइ प्रभावकारी रुपमा कार्यक्रमहरु संचालन गर्न सरोकारवालहरु वीच अन्तरक्रिया, समिक्षा त्रैमासिकरुपमा कार्यक्रमहरुको आयोजना गर्ने ।

(घ) नागरिक सचेतना अभिबृद्धिका लागि सरोकारवालाहरुले नागरिकहरुलाइ आफनो कार्यक्रमको सुचना आदान प्रदान गर्ने।

(ङ) स्थानीय आवश्यकता र प्राथमिकता सम्वोधनका लागी भएका नीति नियमलाई प्रभावकारी रुपममा कार्यान्वयन गर्न बनाउनु पर्ने नीति, कार्यक्रम तथा योजनाका बारेमा सरोकारवालहरु वीच छलफल तथा अन्तरकृया गर्ने ।

**९. बहुसरोकारवाला मञ्चमा विभिन्न सरोकारवालहरुको भूमिका**

**(क) नगरपालिका भूमिका**

१. पालिका स्तरमा काम गर्ने संघसंस्था, नागरिक समाज संस्था तथा संजालहरुको नाम सूचिकृत गर्ने

२. बहुसरोकारवाला मञ्च संचालन निर्देशिका जारी गरि बैठकको आयोजना गर्ने, व्यवस्थापन गर्ने

३. बैठकमा भएका निर्णयहरुको प्रमाणीकरण गर्ने, अभिलेख राख्ने ।

४. पालिका स्तरबाट भएका र अन्य नागरिक समाज संघसंस्थाहरुको कार्यबाट भएका सकारात्मक कार्यहरु, समस्या एवं सिकाई अनुभव आदान प्रदान गर्ने वातावरण बनाउने ।

५. बैठकबाट भएका सकारात्मक सिकाई तथा परिवर्तनलाई आ-आफनो पालिका तथा वडासमितिहरुमा अनुसरण गर्न योजना बनाई कार्यान्वयन गर्नमा पहल गर्ने ।

६. स्थानीय सरकारका नीति निर्देशिका र कार्यविधिहरु कार्यान्वयनमा देखापरेका समस्या, नागरिकहरुले सार्वजनिक रुपमा उठाएका सवालहरुमा वहस र छलफल गरि समाधानको बाटो खोजी गर्ने ।

७. असल अभ्यासको प्रकाशन प्रसारण र सार्बजनिकिकरण गर्ने ।

**(ख) बहुसरोकारवाला मञ्चमा विभिन्न सरोकारवालहरुको भूमिका**

१. मञ्च गठन तथा बैठक संचालनमा सहजिकरण गर्ने ।

२. बैठक संचालनको खर्च व्यहोर्ने ।

३. बैठकको प्रतिवेदन तयार गरि सम्वन्धित निकायमा पेश गर्ने ।

४. मञ्चसंग नियमित समन्वय र सहकार्य गर्ने ।

५. नपामा भएको गैसस डेस्कलाई प्रभावकारी बनाउन आबश्यक सहयोग गर्ने ।

**(ग) पालिका स्तरमा काम गरिरहेका अन्य संघसस्था, नागरिक समाज संस्थाका संजालहरुको भूमिका**

१. पालिका स्तरमा आफ्नो संस्थाले गरिरहेका कामहरु तथा आगामि योजनाहरुका साथै काम गर्दा आइपरेका समस्या तथा सिकाईहरुको अनुभव सहित बैठकमा सहभागिता जनाउने ।

२. नागरिक समाज तथा स्थानीय तह सरकारले गर्ने कार्यहरुमा दोहोरोपना आउन नदिन विभिन्न उपायहरुको खोजि गर्ने ।

३. सार्वजनिक चासोका विषयहरु छलफलको विषय बनाउने ।

४. नीति निर्माण तथा योजना तर्जुमामा नागरिकहरुको सहभागिता तथा स्थानीय तह सरकारले दिने सेवा सुविधामा विपन्न तथा सिमान्तकृत संग समन्वय सहकार्य गर्ने ।

५. आफनो क्षेत्रमा देखिएका सकारात्मक परिवर्तनको अनुभव आदान प्रदान गर्ने ।

**(घ) अन्य सरोकारवालहरुको भूमिका**

१. विपन्न तथा सिमान्तकृत समुदायको विकासका लागि नागरिक समाज तथा पालिकाले संचालन गरिरहेका कार्यक्रम तथा योजनालाई अझ प्रभावकारी बनाउन आवश्यक सल्लाह सुझाव दिने ।

२. लक्षित वर्गका लागि स्थानीय तह सरकारले बनाउनु पर्ने नीति तथा कार्यक्रमहरुका बारेमा सल्लाह सुझाव दिने ।

३. आफनो क्षेत्रमा देखिएका सकारात्मक परिवर्तनको अनुभव आदान प्रदान गर्ने ।

**१०. बहुसरोकारवाला मञ्चको निरन्तरता (दिगोपना)**

आम नागरिक प्रति स्थानीय तह  नागरिक समाज संस्था, जनप्रतिनिधिहरुको जवाफदेहि र उत्तरदायि भूमिकामा बृद्धि गर्न र स्थानिय सरकारको कार्यमा सुधार गर्दै सुशासनको प्रत्याभूतिको लागि मञ्चको निरन्तरता आवश्यक छ । यस मञ्चले स्थानीय सरकारको कार्यमा सुधार मात्रै नभई यसले नागरिक समाज संस्था, संघसंस्था र आम नागरिकहरु समेत स्थानीय सरकारको निर्णय प्रकृयामा सहभागि हुने अवसर दिने भएकोले पनि यसको निरन्तरता अति आवश्यक छ ।  आगामी दिनहरुमा सबैको समन्वयमा सम्बन्धित पालिकाले मञ्चको बैठकलाई निरन्तरता दिन र यसको दिगोपनाको सुनिश्चितता  गरीने  छ ।

**११. बहुसरोकारवाला मञ्च गठन र श्रोत ब्यबस्थापन**

युरोपियन युनियनको आर्थिक सहयोग, डिसिएको व्यवस्थापन, लि-बर्ड  नेपालको  प्राविधिक सहयोगमा सामजिक सेवा केन्द्र दैलेखद्धारा संचालित उत्थान परियोजना लगाएतका अन्य सबै संघ संस्थाहरु र निर्देशिका पुनराबलोकन दुल्लु नगरपालिका तथा पहाडि साना किसानका लागि अनुकूलन आयोजना ASHA-Ptoject , दैलेख ।



आज्ञाले
ज्ञानमणि नेपाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७९।०३।३१